## संघीय संसद
## प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
## बैठक संख्या : १२५

मितिः २०७८/०६/१०

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, यातायात व्यवस्था विभागका महानिर्देशक लगायत सम्वद्ध पदाधिकारीहरुसँग चालु आर्थिक वर्षमा सञ्चालन हुने आयोजनाहरु तथा चाडपर्वको समयमा यात्रुहरुलाई सार्वजनिक यातायात सेवा सहज बनाउने सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नजिकिदै गरेको नेपालीहरुको महान चाड विजया दशमी, दिपावली र छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा उत्तरोत्तर प्रगति, दिर्घायू र सु-स्वस्थ्यको कामना गर्दै समिति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

२ नेपालीहरुको महान् चाडपर्व नजिकिँदै गर्दा हालैको बाढी पहिरोबाट क्षतिग्रस्त भएका राजमार्गहरु सहजरुपमा सुचारु हुने गरी व्यवस्थापन गर्न, कोभिडको संक्रमणलाई समेत मध्यनजर गरी सवारी साधनको सिट क्षमता भन्दा बढी यात्रुहरु नराख्न र स्वास्थ्य मापदण्डको पूर्णरुपमा पालना गर्न गराउन तथा लामो दूरीमा चल्ने सवारी साधनहरुको भाडादर यात्रुहरुले सहजरुपमा थाहा पाउने गरी सवारी साधनमा टाँस्ने व्यवस्था हुन, भौतिक रुपमा लामवद्द भएर टिकट लिने प्रक्रियालाई निरुत्साहित गर्दै अनलाइन टिकट वितरण प्रणालीलाई प्रभावकारी बनाई अनलाईनबाट टिकट खरिद गर्दा भाडादरमा केही प्रतिशत छुटको समेत व्यवस्था गरी यात्रुहरुलाई अनलाइन प्रणाली मार्फत टिकट खरिद गर्न प्रोत्साहन गर्न, दशैको लागि ७ दिन देशभरीका सबै यात्रुबाहक सवारी साधनलाई रुट अनुमती खुल्ला गर्न र यो सबै विषयको प्रभावकारी अनुगमन गर्न गराउन समिति नेपाल सरकार गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ । साथै समितिको मिति २०७५/०६/१० गतेको निर्देशन अहिले पनि उपयुक्त देखिएको हुँदा पुनः कार्यान्वयन गर्न गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र महानगरीय ट्राफिक प्रहरी महाशाखालाई निर्देश गर्दछ ।

३ रु ५० करोड भन्दा बढी लागत भएका आयोजनाहरुलाई मात्र बहुवर्षिय आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरी बनाइएको मापदण्डले पूर्वाधार विकासका आवश्यक रहेका धेरै आयोजनाहरु कार्यान्वयन गर्न अव्यवहारिक हुने भएकोले यो मापदण्डमा तत्काल पुनरावलोकन गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ मन्त्रालय र मन्त्रालय मातहतका विभिन्न निकायका निर्माणाधीन अवस्थामा रहेका पूर्वाधार सडकहरु, निर्वाचन क्षेत्रका रणनीतिक सडक तथा पुलहरु एवं स्थानीय सडक लगायतका पूर्वाधार विकासका कामहरुका लागि आवश्यक स्रोतको सुनिश्चित गरी सम्पन्न गर्न साथै तीन वर्षमा सम्पन्न हुने भनिएको जनकपुर-भिट्टामोड सडक

हालसम्म पनि सम्पन्न नभएकोले उक्त सडक तोकिएको समय भित्र गुणस्तरयुक्त रुपमा सम्पन्न गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।

| | |
|---|---|
| ................................ | ................................ |
| (ओमबहादुर कार्की) | (कल्याणी कुमारी खड्का) |
| समिति सचिव | सभापति |